वैठक नं ९४

**आज मिति २०८१ पुष महिनाको २५ गते नेपाल सम्वत ११४५ पोहेलाथ्व दशमी विहिवारको दिन विहान ०९ बजे पालुङटार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ९ गोरखा | |
| १२ | रिखिराज घौराली | वडा अध्यक्ष | पालुङ्टार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङ्टार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङ्टार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङ्टार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | रोल्पा | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९४

मितिः २०८१/०९/२५

ने.स ११४५ पोहोलाथ्व दशमी, विहिबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१। समिक्षा।

२। १६ औ नगरसभाको प्रस्ताव पारित गर्ने सम्वन्धमा।

३। जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा।

४। सडकहरुको लगत कट्टा गर्ने सम्वन्धमा।

५। स्थानीय तह संस्थागत क्षमता स्वः मुल्याङ्कन सम्वन्धमा।

६। अनुगमन प्रतिवेदन सम्वन्धमा।

७। विविध।

Scanned with CamScanner

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस नगरपालिकाको पुर्व कार्यपालिकाको बैठकबाट भएको निर्णयहरुको कार्यान्वयन तथा हाल सम्म नगरपालिकाबाट भए गरेको कार्यहरुको बारेमा छलफल तथा समिक्षा कार्य सम्पन्न भयो।

२. प्रस्ताव नं २ मा छलफल गर्दा यस नगरपालिकाको मिति २०८१-०९-२५ गते ११ बजे बस्ने १६ औ नगरसभाको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो। साथै सभामा पेश गरिने नीति तथा कार्याक्रमको अर्ध बार्षिक समिक्षा, विनियोजन ऐन -२०८१ को पहिलो संसोधन, आर्थिक ऐन २०८१ को पहिलो संसोधन पारित गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता यस नगरपालिकामा आयोजना गर्ने निर्णय भएको हुदा सो प्रतियोगितालाई सफल बनाउनका लागि आवश्यक तयारी गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ मा छलफल गर्दा गण्डकी प्रदेश सरकार कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको चालु आर्थिक बर्षको कार्यक्रम मध्ये कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रममा समावेश हुन पत्राचार भए बमोजिम यस नगरपालिका अन्तर्गतका सडक खण्डहरु तुरतरे-ठाँटीपोखरी- मगरगाँउ सडक र नयाँपुल-विरुवाटार जोग्दी खोलाको लगत कट्टा गर्न सिफारीस गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ मा छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार पालुङटार नगरपालिकाले आ व २०८०-८१ मा सम्पादन गरेको काम कारवाहीलाई व्यवस्थित, योजनाबद्ध, प्रभावकारी, जनताले अनुभूत गर्ने गरी सम्पादन गरेको कामलाई कार्यविधिमा उल्लेखित विषयबस्तुमा क्षेत्रगत रुपमा समिक्षा गर्दा समग्रमा ९५.७५ अङ्क प्राप्त गरेकोले सोको विवरण जिल्ला संमन्वय समितिको कार्यालयलाई पृष्ट्रपोषणका निम्ति पेश गर्ने र अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ मा छलफल गर्दा यस नगरपालिका उप प्रमुख ज्युको अध्यक्षता रहेको योजना अनुगमन समितिले हाल सम्म अनुगमन गरेको योजनाहरुको विवरण सहित पेश गरेको प्रतिवेदन माथी छलफल भई पारित गर्ने निर्णय गरियो।

Scanned with CamScanner